नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

# प्रेस विज्ञप्ती

आज मिति २०८२ साल आषाढ ०९ गते हुलाक सेवा विभागको आयोजनामा **"सूचना प्रविधिको उच्चतम प्रयोग भइरहेको वर्तमान परिवेशमा हुलाक सेवाको सान्दर्भिकता छ वा छैन"** विषयक नुवाकोट जिल्लाव्यापी अन्तर सामुदायिक विद्यालय स्तरीय वादविवाद प्रतियोगिता सम्पन्न भयो। हुलाक सेवा विभागका महानिर्देशक श्री मनमाया भट्टराई पंगेनीको अध्यक्षतामा नुवाकोट जिल्लाको विदुरमा कार्यक्रम सञ्चालन भएको थियो।

विभागका निर्देशक श्री विशाल सापकोटाले कार्यक्रमको महत्व र सान्दर्भिकता बारे जानकारी गराउँदै कार्यक्रममा उपस्थित महानुभावहरूलाई स्वागत गर्नुभएको थियो भने निर्देशक श्री ध्रुवराज आचार्यले नेपालको हुलाक सेवाको परिचय, यसबाट प्रदान गरिने सेवाहरु, हुलाक सेवाका सवल पक्षहरु तथा यसका चुनौतीहरू विषयमा विस्तृत प्रस्तुतीकरण गर्नुभएको थियो।

कार्यक्रममा नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शशीधर घिमिरेले हुलाक सम्बन्धी सेवा प्रवाहमा सहजता तथा गुणस्तर कायम राखी हुलाक सेवालाई अझ बढी सान्दर्भिक बनाउनुपर्ने विचार व्यक्त गर्नुभयो। कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई, नुवाकोटका इकाई प्रमुख रामचन्द्र इटनीले शुभकामना मन्तव्य दिनुहुँदै काठमाडौं उपत्यका बाहिर पहिलोपटक यस्तो कार्यक्रम सञ्चालन गरेकोमा हुलाक सेवा विभागलाई धन्यवाद ज्ञापन गर्नुभयो।

विभागका शाखा अधिकृत श्री शालिकराम बस्याल संयोजक र सञ्चालक रहनु भएको उक्त वादविवाद कार्यक्रममा नुवाकोट जिल्लाका १२ वटा स्थानीय निकायमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत ३४ जना प्रतिस्पर्धी विद्यार्थी सहभागी हुनुभएको थियो। प्रतियोगिताको निर्णायक मण्डलमा हुलाक सेवा विभागका निर्देशक श्री विशाल सापकोटा संयोजक, साहित्यकार एवं समालोचक डा. शान्तिमाया गिरी र नेपाली भाषा विज्ञ श्री मातृका कार्की सदस्य रहनु भएको थियो। प्रत्येक सहभागीलाई जम्मा ५ मिनेट समय दिइएको वादविवाद प्रतियोगितामा सम्बोधनमा ५ अङ्क, पक्षको तर्कमा १५ अङ्क, विपक्षीको खण्डनमा १० अङ्क, बोली प्रवाह र स्पष्टतामा १० अङ्क, हाउभाउ र समय पालनामा ५ अङ्क र निष्कर्षमा ५ अङ्क गरी जम्मा ५० अङ्कका दरले ३ जना निर्णायकले मूल्याङ्कन गरी औसत प्राप्ताङ्कमा उच्च अङ्क हासिल गर्ने प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने प्रतियोगीलाई नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गरिएको थियो।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

यस प्रतियोगितामा रू. १५ हजार नगद पुरस्कार सहित **पञ्चकन्या गाउँपालिका**को **श्री पञ्चकन्या मा.वि.**को **कक्षा ९** मा अध्ययनरत छात्रा श्री **देविका खड्काले प्रथम** स्थान हासिल गर्नुभएको थियो भने रू १२ हजार ५ सय नगद पुरस्कार सहित **दुप्चेश्वर गाउँपालिका**को **श्री रुकमणी मा.वि.**को **कक्षा ९**मा अध्ययनरत छात्रा श्री **नविना भण्डारी**ले द्वितीय स्थान हासिल गर्नुभएको थियो। त्यसै गरी रू १० हजार नगद पुरस्कार सहित **सूर्यगढी गाउँपालिका**को **श्री गणेश मा.वि.**को **कक्षा १०** मा अध्ययनरत छात्रा श्री **उषा ढकाल**ले तृतीय स्थान हासिल गर्नुभएको थियो भने रू ७ हजार ५ सय नगद पुरस्कार सहित **बेलकोटगढी नगरपालिका**को **श्री कामरुदेवी मा.वि.**को **कक्षा १०**मा अध्ययनरत छात्रा श्री **आयुष्मा वि.क.**ले सान्त्वना स्थान हासिल गर्नुभएको थियो। यसका साथै कार्यक्रममा सहभागी प्रत्येक विद्यार्थीलाई सहभागिताको प्रमाण पत्र प्रदान गरिएको थियो।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव श्री कोशहरि निरौलाले वर्तमान परिपेक्षमा हुलाकको सान्दर्भिकता, नयाँ प्रविधिसँग आबद्धता तथा विस्तार, इ-कमर्श, र सेवाको पुनर्स्थापना मार्फत स्मार्ट हुलाकको अवधारणामा रुपान्तरित हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव, नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी, नुवाकोट जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई तथा इकाई प्रमुख, नुवाकोट जिल्लाका विभिन्न स्थानीय तहमा अवस्थित विद्यालयका शिक्षक, विद्यार्थी एवम् प्रतिनिधिहरू, हुलाक सेवा विभाग र अन्तर्गतका कर्मचारी एवम् सम्पूर्ण महानुभावहरूलाई सहभागिताको लागि विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीले हार्दिक धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो।

प्रवक्ता
(विशाल सापकोटा)
हुलाक सेवा विभाग

मितिः २०८२ आषाढ ९ गते